# गोर्खाली सुधार सभा


17 अप्रैल 1938

मासिक समाचार

वर्ष -49 अंक-14 मार्च 2020 मूल्य 9/- पृष्ठ 1


गोर्खाली सुधार सभा
रिसालदार राम सिंह पंवार ओ.बी.आई.द्वार

## नमक सत्याग्रह-डांडी से खाराखेत, देहरादून
## स्मृति स्तम्भ - खाराखेत



गोर्खाली सुधार सभाको नेतृत्वमा खाराखेत स्थित स्मृति स्तम्भ क्षेत्रको स्वच्छता र सफाई अभियान दल
28 फरवरी 2020

# सभाको गतिविधि

स्मृति स्तम्भ



स्वच्छता अनि सफाई अभियान



[illegible]

17 अप्रैल 1938

## गोर्खाली सुधार सभा

देहरादून

वर्ष -49, मार्च 2020

**सम्पादक**
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

**विशेष सहयोग**
श्रीमती प्रभा शाह

**स्वामी/मुद्रक/प्रकाशक**
अध्यक्ष
गोर्खाली सुधार सभा


**मुख्य कार्यालय**
गोर्खाली सुधार सभा
परमवीर चक्र ले. क.धनसिंह थापा मार्ग
गढ़ी कैन्ट, देहरादून
फोन:0135-2756070
9897440879

**वितरक**
सभा शाखाध्यक्षहरू
डिजाइनिंग टाइप सेटिंग
अरूण कुमार गुरूंग
माईन कम्प्यूटर, चकराता रोड

**प्रकाशन कार्यालय**
भाष्कर प्रेस, कचहरी मार्ग
देहरादून, उत्तराखण्ड

नोट : पत्रिकामा प्रकाशित लेखहरूकोलागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून हुने छ।


## अध्यक्षको कलमबाट



श्री पदम सिंह थापा

समय परिवर्तनशील छ। आफ्नो गतिको साथ-साथ परिवर्तित छ। यस्तै हाम्रो यात्रा (सभाको) निरन्तर सित बढ्ि रहेको छ एसनास सित। समयको साथ हाम्रो सभामा पनि परिवर्तन जरूरी छ। वर्तमाने समाजको परिस्थिति, आजको 50-60 वर्षअघिको हिसाबले परिवर्तन भई सकेको छ, यसमा विकास छ, सुधार छ अनि प्रगति छ। यो प्राकृतिक हो। हामीले हाम्रो चौमुखी विकासको निम्ति केहि न केहि बदलाव ल्याउन जरूरी छ। यसमा शिक्षा सर्व प्रथम छ। समाज सक्षम छ, हाई स्कूल सम्मा आफ्नो नानीहरूलाई शिक्षा पुर्‍याउन। आवश्यक छ उच्च शिक्षा, व्यवसायिक शिक्षा, व्यवसायिक प्रशिक्षण तिर ध्यान दिने डाक्टर, इन्जीनियर, वकील इत्यादि। हाम्रो आर्थिक सोचमा बदलाव जरूरी छ। यस क्षेत्रमा हामी अल्पसंख्यकमा छौं जसको गिन्ती (0) शून्यको बराबरमा। निवेश गर्ने क्षमता हामीमा न होला तर 'हात समाती' हिड्ने संस्कार हाम्रोमा छैन, यसलाई समावेश गर्नु जरूरी छ। सा-साना व्यापारीहरूलाई प्रोत्साहन दिइ उनीहरूको व्यापारलाई बढ़ाउनु पर्छ, हामीहरू उनिहरूको ग्राहक बनेर। भाषा-साहित्य, संस्कृति प्रति अभिरूचि र जागरूकता धेरै छ तर यो क्षणिक छ। यसलाई दीर्घायु बनाउनु पर्छ। यसको निम्ति 'युवाहरूको सहभागिता, भागीदारी अति जरूरी छ। आजको युवा नै भोलिको नेता हो, समाज र समुदायको नेतृत्व उनीहरूको हातमा छ। त्यो हातलाई जागरूक र सक्षम बनाए मात्र हाम्रो भविष्य सुदृढ़ बन्ने छ। राजनैतिक परिवेशमा हाम्रो आफ्नो उपस्थितिले युगौं देखि नै 'प्रवेश' लिन सकेको छैन। बीच-बीचमा सक्रिय सोंच जन्मिएका थियो तर अल्पायु थियो, बचाउन सकैनौं। हामी जहां जान चाहन्छौं, त्यहाँ तब पुगौंला जब हाम्रो आफै नेतृत्व होला। अरूको नेतृत्वमा हामी त्यहाँ पुग्छौं, जहाँ उसले उ लैजान चाहन्छ। कम से कम एक पल्ट त सोच बदलिएर हेरौं।

## महामंत्रीको कलमबाट



श्री गोपाल क्षेत्री

यस वर्षको राष्ट्रिय स्तरको उथुल-पुथुल हेर्‍यों विषेश गरेर नागरिक संशोधन बिल अनि राष्ट्रीय नागरिक रजिस्टर। यो जरूरी हो अनि आवश्यक छ राष्ट्रको नागरिकसंख्याको सहि आंकलन लगाउन। हामी युगों देखि यहाँ छौं। हाम्रो योगदान राष्ट्रको सुरक्षा, राष्ट्रको निर्माणमा ऐतिहासिक छ, उल्लेखनीय छ। तर यसले हामीलाई 'नागरिकता प्रमाण' दिने दस्तावेजको रूपमा त्यति पुख्ता साबित नहोला। हामीले हाम्रो यी सब पुस्तैनी साथै आफ्नो दस्तावेज पुरा र ठीक राख्नु पर्छ, यस प्रति सचेत बनौं। 2021 मा हुने राष्ट्रिय जनगणनामा सक्रियता देखाउन पर्छ, सक्रिय बन्न पर्छ। 1950 को भारत, नेपालबीचको संधिले नेपालीलाई यहाँ बस्ने अधिकार दिए पनि 'नागरिकता' को अधिकार पाइन्दैन। हामी 1950 को संधिले दिएको अधिकारबाट अकस्मै आएको होइन। यसर्थ यो हुने वाला 2021 को जनगणनामा, आफ्नो विवरण, सहि र अचूक हुन पर्छ। समाजको हरेक परिवारमा यो चेतना हुनु पर्छ की हामी 'गोर्खाली' हो अनि भाषा हाम्रो, नेपाली हो। त्यहि ज्ञान र चेतना सबै विद्यार्थीहरू अनि युवाहरूमा हुनु पर्छ। कारण उनीहरूको रूचि भनौं जानकारी यस प्रति विलुप्त हुँदै गई रहेको छ। सबै नै जागौं, सबैलाई जगाऔं।

# सम्पादकीय

गोर्खालीहरू युगौं देखि यस भूमिमा बसोबासो गरि रहेका छन्। आजको हाम्रो यो भारतको निर्माणमा अनि आर्थिक विकासमा गोर्खाहरूको योगदान अन्य समाज भन्दा कम्ती छैन। हाम्रो मेहनत, इमानदारी, परिश्रम, वीरता, साधारणपन, इतिहासको पानामा कुँदिएको छ। सुदूर पूर्वमा सीमा, सुरक्षा, कृषि, पशुपालन गरेर आफ्नो मात्र जीविका जगेड़ा गरेनन, क्षेत्रको आर्थिक विकासमा योगदान अवश्यै होला। 'सुरक्षा' देशको, गोर्खाको हातमा सुदृढ़ रहेको छ, केहि सन्देह छैन। विश्वभरमा 'चिया' को स्वाद पुर्‍याएर 'चियालाई' प्रसिद्ध बनाउनमा हात, यहि गोर्खाहरूका हुन् जो युगौं देखि चिया श्रमिक (एक पिछड़ावर्ग, एक अवहेलित वर्ग, एक वंचित वर्ग) को जीवन बिताएर पींढ़ि देखि चियाकमान स्याहरेर आइरहेका छन्। सेनामा मात्र होइन विभिन्न राज्यहरूको पुलिस बलमा पनि हाम्रो गोर्खा कम छैनन्। तर के हामीले एक देशको (भारतवर्षकै) नागरिक जस्तै मूलभूत सुविधाले परिपूर्ण छौं ? सोच्ने, मंथन गर्ने समय आएको छ। उत्तर पूर्वान्चलका गोर्खाहरूलाई बेला-बेलामा विस्थापित गरेका हामीले हेरेका छौं जहां हाम्रो गोर्खा पुत्रहरू धेरै उच्चपदमा हुँदा हुँदै पनि घरि घरि उठि बस्ने जातीय दंगा फसादले त्याहांको गोर्खालीहरूलाई पिरोली बस्छ। कहिले बाहिरको भनि अन्य प्रदेशकारीको ठप्पा लगाई या त 'नेपाल' को भनि या त बाहिर तिरको भनि यिनीहरूलाई धपाउनु षड़यंत्र भइ रहेको हुन्छ। यस प्रकारको व्यवहार र सोंच हामी गोर्खा माथि उत्तराखण्डकै दूरदराज र पहाड़ी क्षेत्रमा (उत्तरकाशी, पिथौरागढ़) देख्न पाइन्छ। यस विषयमा गोर्खाली सुधारसभाको प्रतिनिधि गएर ज्ञापन, जिलाधीश महोदयलाई सुम्पिएका छन्। तर परिणाम अहिले सम्म देखिएको छैन। हाम्रो विकास र सम्मान केवल 'वीरता' र 'इमानदारी' सम्म मात्र सीमित न रहोस। गोर्खाहरूको दक्षता, कार्यक्षमता, योग्यता अनि अनुभवको आधारमा सरकारले कुनै मनोनयन गरिने पदहरूमा मौका दिएको छैन। प्रतिभाशाली गोर्खाहरू थ्रुपै छन तर यिनीहरूको मान-सम्मान र गरिमा प्रति सरकार किन बैरो र अन्धो छ ? अरूको भरोसा र आशामा किन बस्ने ? हामीमा क्षमता छ प्रतिभा छ, विवेक छ। शासनमा भागीदारी बनि हाम्रो आवाजलाई प्रबल, चकिलो र दह्रिलो बनाउने समय आएको छ। राजनैतिक परिवेश हाम्रो अनुहार झल्किनु पर्छ, आवाज गुंजिनु पर्छ। तब हामी हौ र छौं भन्ने आभास पुर्‍याउनु सकिन्छ। गणतान्त्रिक प्रणाली आफैलाई भागीदारी बनाउनु सक्षम बनौं।

•••

# अंतरंग सभाका प्रमुख विवरण (11 जनवरी, 2020)

**08 फरवरी 2020को अंतरंग सभाको प्रमुख विवरण**

1. गत् महिनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेक शॉ सभागारमा दिनांक 8 फरवरी 2020 को बिहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। अंतरंग सभाको प्रमुख विवरण यस प्रकार ले छ-

क) स्वागत सम्बोधन – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले उपस्थित गोर्खा मिलिट्री इन्टर कॉलेजका शिक्षकगण, विद्यार्थीगण, सभाका शाखाध्यक्ष तथा उपस्थित महानुभावहरूको सहर्ष अभिनन्दन जनाउनु भयो।

ख) दिवंगत प्रति श्रद्धांजली –

गत माहमा दिवंगत हुनु भयेको आत्माको शान्ति निम्ति तथा वहांको परिवारलाई दु:ख सहने शक्तिलागी दुई मिनटको मौन प्रार्थना गरियो। दिवंगतहरूको सूची निम्न प्रकारले छ–

| | | | |
|---|---|---|---|
| i) | श्री सूरज थापा (गो. सु. सभा सांगितिक सदस्य) | गढ़ी | 23.1.2020 |
| ii) | श्री दान सिंह थापा | पंडितवाड़ी | 12.1.2020 |
| iii) | श्री डी. बी. लिम्बु | क्लेमेंट टाउन | 20.1.2020 |
| iv) | श्रीमती इन्द्रा राई | क्लेमेंट टाउन | 21.2.2020 |
| v) | श्री अनिल गुरूंग | सेवली | 29.1.2020 |
| vi) | श्री तिल प्रसाद राना | छिद्दरवाला | 31.1.2020 |
| vii) | के. भगवान सिंह थापा | श्यामपुर | 21.2.2020 |
| viii) | श्री श्याम सिंह गुरूंग | जैंतनवाला | 21.1.2020 |
| ix) | श्रीमती यीम कुमारी | जैंतनवाला | 23.1.2020 |
| x) | श्रीमती शारदा खत्री | जैंतनवाला | 23.1.2020 |

2. **सम्मान कार्यक्रम –**

क) गोर्खा मिलिट्री कॉलेजका विद्यार्थी तथा 4/4 जीआर, 2/5 जीआर का अनुदेशकहरूलाई 26 जनवरी 2020 गणतन्त्र दिवस परेडमा प्रतिभाग गरी उच्च प्रदर्शन गरेकामा वहांहरूलाई प्रशस्ति पत्र तथा सम्मान पनि गरियो।

3. **अंतरंग सभाको एजेण्डाहरू –**

अंतरंग सभाको एजेण्डाहरू – स्थापना दिवसको कार्यसूची तथा खर्चाको सम्पुष्टि तथा समिति गठन बारे छलफल।

क) स्थापना दिवसको कार्यसूची तथा खर्चाको सम्पुष्टि तथा समिति गठन बारे छलफल।

ख) 17 अप्रैल स्थापना दिवस आयोजनको तैयारी बारे कार्य सूची, तिथि तथा समय सुनिश्चित गर्ने।

ग) निर्वाचन समितिको भावी कार्ययोजना तथा चुनाव समिति द्वारा चुनाव बारे छलफल।

4. **उपस्थित महानुभावहरूको सुझाव –**

क) श्री शंकर थापा, शाखाध्यक्ष गढ़ी – स्थापना दिवसको कार्यक्रम बिहान प्रारम्भ भये सबै दर्शक तथा प्रतिभागीहरू भोजन उपरान्त घर समयमा पुग्नु सक्नु हुन्छ, आगामी चुनावको सूचना हामीले सबै सदस्य तथा कार्यकारिणीलाई सबै प्रकारको सम्पर्क सामग्री द्वारा दिनु पर्ने छ।

ख) श्री हर्क बहादुर राणा, शाखाध्यक्ष, सेवली – वहांले पनि स्थापना दिवस आयोजन विहान नै गर्ने भनि सुझावको समर्थन दिनु भयो।

ग) श्री धीरेन्द्र क्षेत्री, शाखाध्यक्ष, भारूवाला – स्थापना दिवस सबै सदस्य, कार्यकारिणीहरूको सुविधानुसार गर्ने, प्राय: बिहान प्रारम्भ गरे राम्रो हुने छ तथा छात्रवृत्तिलाई पनि अझै वृद्धि गर्ने सुझाव पनि दिनु भयो।

घ) श्री शमशेर थापा, शाखाध्यक्ष, जैंतनवाला – मासिक पत्रिकाको प्रारूप राम्रो छ तथा मूल्यलाई पनि सहज भुगतान हुने प्रकारले राख्ने तथा पूर्वमा निवेदन गरे अनुसार जी एम आई सी परिसरको स्वच्छतालाई प्रारम्भ गर्ने।

ङ) श्री गंगा बहादुर गुरूंग, शाखाध्यक्ष, श्यामपुर – मासिक पत्रिका शाखाध्यक्षहरूले मासिक बैठकमा वितरण गरे

सबैलाई शाखाको बैठकमा बाडनु सजिलो हुन्छ अन्यथा घर-घर गई बाडन अपठ्यारो हुन्छ। समुदायका फुटबाल टूर्नामेंट आयोजकहरूलाई खेल नियमानुसार व्यवस्था गर्ने तथा धेरै समुदायका नानीहरूलाई प्रतिभाग गर्ने अवसर दिने अन्यथा यहांहरू नियमानुसार आयोजन गर्न बाध्य गर्ने तथा सहयोग दान पनि गर्ने भनि सुझाव दिनु भयो। शाखाको चुनावहरूमा निर्वाचन फार्म क्रय व्यवस्था असहज छ, किन भने सदस्यहरूले पदाधिकारीको कार्यभार लिनु चांहदैनन् भन्नु भयो।

च) श्री बुद्ध बहादुर गुरूंग, शाखाध्यक्ष छिद्दरवाला - पदाधिकारीहरूको चुनाव प्रक्रिया सबै सदस्यहरूलाई थाह पर्ने तथा नियमावलीको प्रति पनि सबैलाई उपलब्ध गराउने निवेदन गर्नु भयो।

छ) श्री क्षेत्र बहादुर मल्ल, शाखाध्यक्ष, रायवाला - पूर्वकालमा केन्द्रका पदाधिकारीहरूले शाखाको बैठकमा शाखाका पदाधिकारीहरूको चयन गरी रहेका थिये भनी सूचना दिनु भयो।

ज) श्री सी. बी. गुरूंग, शाखाध्यक्ष भगवानपुर - चुनावका तिथि पूर्वमा ही सूचित हुनु पर्ने। एजीएम मा ही चुनाव हुन्छ भने राम्रो हुने छ। शाखाका नवीनपदाधिकारीहरूले केन्द्रका चुनाव लड़नेहरू सित परिचित हुन्दैनन् भन्नु भयो।

झ) श्री जोगेन्द्र शाह, शाखाध्यक्ष, विकासनगर - शाखाका गतिविधिहरू तथा समस्त क्षेत्र सित जुडेका सदस्यहरू शाखा तथा केन्द्रका चुनावमा प्रतिभाग गर्छन प्राय: सबै परिचित हुन्छन् तथा अ.भा.उज्जवल भविष्य कोष समितिले विद्यार्थीहरूलाई प्रोत्साहन गरी रहे छन् अत: वहांलाई सभा परिसरमा भवन किरायामा दिये सबैलाई सुविधा हुने छ भनी अनुरोध गर्नु भयो।

ञ) श्री नीरज थापा, अधिवक्ता एवं चुनाव समिति अध्यक्ष - जुलाई माहको मतदान सम्म सबै शाखाको अध्यक्ष एवं उपाध्यक्षको चुनाव सम्पन्न गर्ने तथा केन्द्रमा अगस्तको प्रथम सप्ताहमा पदाधिकारीहरूको चुनाव गर्ने भनी सूचना दिनु भयो तथा वहांले निवेदन गर्नु भयो सभा सामाजिक संस्था हुनाले चुनावमा निर्विवाद पदाधिकारीहरूको चयन भये धेरै राम्रो हुने थियो।

ट) श्री विष्णु प्रसाद ढकाल, सहयोजित सदस्य - जनगणनाको कार्यको प्रगति समयको आवश्यकता अनुरूप भयेको छैन, सबै शाखाध्यक्ष तथा सदस्यहरूले यथा सम्भव सहयोग गर्नु आवश्यक छ। सभाको चुनाव प्रक्रिया चली रहेको छ, वर्तमान कार्यकारिणीले नवीनकार्यकारिणीलाई कार्यकालको उपलब्धि तथा लम्बित कार्यहरूको सूचना दिनु आवश्यक छ भन्नु भयो। शाखामा चुनाव हुनु भन्दा पूर्व सबै ऑडिट तथा एजीएम हुन आवश्यक छ। स्थापना दिवसको पूर्ण व्यय केन्द्र तथा शाखाहरूले बराबर वहन गरने भनी अनुरोध गर्नु भयो। मासिक पत्रिकाको वितरणमा वृद्धि हुनु आवश्यक छ तथा शाखाले आफ्नो खाता देखी वितरण तथा पत्रिका मूल्य वहन गर्ने भनी निवेदन पनि गर्नु भयो।

ठ) क. जीवन कुमार क्षेत्री, सम्पादक - पत्रिकामा छापने सामग्रीहरू सबै सदस्यहरूले पनि दिनु होस प्रतिभाग गरी रहेमा हामी सबै अझैं उत्साहले कार्य गर्ने छौं। खाराखेतका स्वतन्त्रता आन्दोलनकारीहरूको जानकारी हामी सबैलाई हुनु आवश्यक छ। पूर्वमा AIGEWA तथा गोर्खाली सुधार सभाले संयुक्तरूपमा कार्य गरेका थिए, यसै प्रकारले हामी सबे संघ-संस्थासित पनि मिलेर कार्य गर्ने भन्नु भयो।

ड) के. प्रीतम सिंह गुरूंग, खेल सचिव - खेल प्रतिभागीहरू धेरै छन तर गरीब बच्चाहरू सित खेल्ने कीटको व्यवस्था सभाले गरी दिये वहांहरूलाई प्रोत्साहन हुने थियो। वर्तमानमा खेल सर्टिफिकेट प्राप्त गर्नु निम्ति पहिला स्थानीय तथा जिल्ला स्तरमा खेल्नु आवश्यक छ।

ढ) ब्रिगे. पी. एस. गुरूंग, पूर्व अध्यक्ष - प्रत्येक वर्ष जस्तै स्थापना दिवसलाई हामी सबैले सहयोग गरेर सफल पार्नु छ। स्थापना दिवसको कार्यक्रम प्राय: सांयकालमा हुन्दै गरछ। यदि कार्यक्रम अबेलो हुन्छ भने सांझ खाजाको व्यवस्था गरे झन राम्रो हुने थियो भनी सुझाव दिनु भयो।

ण) क. सी. बी. थापा, पूर्व अध्यक्ष - पूर्वमा केन्द्रका कार्यकारिणीले नै सबै शाखामा आम बैठक तथा चुनाव गरि रहेका थिये, वर्तमानमा मात्र एक माहमा सम्पन्न गर्नु असुविधा हुने छ। केन्द्रमा पनि चुनावमा सबैले चुनाव प्रक्रियामा उचित रूपले प्रतिभाग गर्ने भनी सुझाव दिनु भयो। स्थापना दिवसको आयोजन सफल सम्पन्न भये पछि यदि 20 अप्रैलमा खाराखेत मेलाको आयोजन भयो भनी उचित हुने छ तथा खड़क बहादुर सिंह बिष्ट ज्यूको स्मृतिको कार्यक्रम भव्यरूपमा सम्पन्न गर्ने, GMIC परिसरको स्वच्छता अभियान हामीले वहांका विद्यार्थीहरूलाई पनि प्रतिभाग गराने, चुनावमा राजनैतिक तथा सामाजिक संस्थामा भिन्नता छ, यस बारे चुनाव समितिले आफ्नो विचार दिये राम्रो हुने छ।

त) सुश्री पूजा सुब्बा उपाध्यक्ष - नोमिनेशन न हुने शाखाहरूको चुनावको तैयारी गर्ने आवश्यक छैन तर सबै सदस्य तथा पदाधिकारीहरूलाई सूचित गर्नु आवश्यक छ। धेरै जस्तो शाखाहरूमा पूर्व शाखा अध्यक्षहरूले नै वर्तमान का चयन न गरे कार्य

गरी रहेका छन्।

5) अध्यक्षज्यूले सभामा उपस्थित सबै महानुभावहरूको आभार व्यक्त गर्नु भयो। अंतरंग सभामा शाखाध्यक्षहरूको अंतरंग सभामा उपस्थिति कम भयेकोमा अंतरंग सभाका बुन्दामा भावी चुनाव सम्बन्धित महत्वपूर्ण विषय थियो जसमा शाखामा पहिला चुनाव गर्ने तथा केन्द्रमा पछि चुनावको सूचनाहरू ज्ञात भयेन भनी समाजसेवामा जुडेका सदस्यहरूले यो चुनाव प्रक्रियामा भाग लिनु पाउंदैनन् जोकि अति आवश्यक छ। हामीले सभाको मान राख्नु अनि नियमावली अनुसार सभालाई चलाउने लेखेको छ जसलाइ अमल भयो भनी समुदाय आफै राम्रो गरि प्रगति गरी रहने छ। अध्यक्षज्यूले अघिको बुन्दाहरू पनि यस प्रकार ले राख्नु भयो :

क) 22 जनवरी 2020 मा हाम्रा समाजका लागी स्वतन्त्रता सेनानी तथा नमक आन्दोलनमा गाँधीका नमक सत्याग्रही आन्दोलन सहयोगी र देहरादूनको खाराखेतको नून नदीमा नमक बनाई देहरादूनको टाउनहालमा नून बेचेर वहाँलाइ अंग्रेजले जेलमा हालेको जीवनीका नाट्य मंचन भयो सबै महानुभावहरू, संघ-संस्था तथा विशिष्ट व्यक्तिहरूले आर्थिक सहयोग गर्नु भयेकोमा आभार व्यक्त गर्नु भयो साथै रायपुर निवासी अनि वरिष्ठ समाजसेवी श्री सुभाष शर्माज्यूले नाट्य मंचनमा 20,000/ का आर्थिक सहायता सभालाई प्रदान गरेकोमा विशेष आभार टक्राउनु भयो तथा सबै सहयोगी प्रति उज्जवल भविष्यको कामना गर्दै धन्यवाद टक्र्याउनु भयो।

ख) अखिल भारतीय गोर्खा पूर्व सैनिक उज्जवल भविष्य कोषको लागि सभा परिसरमा अंतरंग सभामा छल-फल भयो तथा शाखाहरूको छात्रवृत्तिको फार्मको जांचको लागि वर्तमान कार्यालय टाड़ा भयेकोमा सप्ताह/महिनाको लागि फार्म स्टाफले लिए र आने छ तथा जांचकोलागि बस्ने दिने भनि सहमति दियो।

ग) 02 फरवरी 2020 मा विधि सेवा एवं सामाजिक उत्थान समिति देहरादून, उत्तराखण्ड द्वारा आयोजित न्याय पद्धति और भारत भरी भई रहेको गतिविधिहरू माथि छल-फल भयो जसमा सभा द्वारा गरि रहको गतिविधिहरू प्रति प्रशंसा गर्नेहरूमा मुख्य अतिथि माननीय न्यायाधीश श्री राजेश टंडन, सीनियर अधिवक्ता श्री विनोद चन्दोला, डिप्टी एडवोकेट जनरल नैनीताल श्री विनोद नौटियाल,श्री ललित बेलवाल, प्रिंसिपल एवं डीन लॉ कॉलेज, देहरादून, श्री योगेन्द्र धस्माना, इतिहासकार, संपादक एवं संचालक दूरदर्शन और श्रीमती नेहा कुशवाला सिविल जज, सीनियरडिवीजन एवं सचिव डीएलएसए अनि सबै उपस्थित भयेर विधि सेवा बारे महत्वपूर्ण जानकारीहरू दिनु भयो।

घ) शाखाहरूको वार्षिक ऑडिट समय-समयमा भई रहोस र पारदर्शिता बनी रहोस, यस बारेमा पूर्व महामंत्री श्री डी पी पोडियालज्यूले ऑडिट गर्नुमा सहयोग गरने सहयोग गर्ने स्वीकृति दिनु भयोको छ। श्री शंकर थापाज्यू सित सम्पर्क गरेर पूर्व सूचित गरी ऑडिट गर्ने भनी अध्यक्षज्यूले निर्देश दिनु भयो।

ङ) 26 जनवरी 2020 (गणतंत्र दिवस) को सभाको खुकरी नृत्य सफल सम्पन्न बनाउनुमा सभाका कार्यकारिणी, सभाका सांगीतिक ग्रुप, 2/5 जीआर, 4/4 जीआर का एनओसी तथा वहांका कमांडिंग अधिकारी साथै जीएमआईसी का प्रतिभागी नानीहरू र लिम्बु एसोसिएशनलाई धेरै-धेरै धन्यवाद तथा आउने स्थापना दिवस पनि यस प्रकारले भव्यरूपमा मनाने हो। आज अंतरंग सभाले कार्यक्रम र खर्चाको सम्पुष्टि दियो। यस समारोहमा सबै समुदायका उपजाति समूहहरूलाई प्रतिभाग प्रति आमंत्रण दि रहेको छौं। सांस्कृतिक कार्यक्रम दियेर प्रस्तुति राम्रो गर्ने हो भन्नू भयो।

च) गोर्खाली सुधार सभाले यस पाली जिल्ला स्तरमा तथा स्थानीय खड्ग बहादुर सिंह बिष्ट स्मृति टूर्नामेंटमा भाग लियेर सभाको नाम राम्रो भयेको छ, यसमा खेल सचिव के. प्रीतमसिंह गुरूंग, पंडितवाड़ी शाखाध्यक्ष श्री शेरजंग राना तथा मोहब्बेवाला शाखाध्यक्ष श्री ललित थापाज्यूको परिश्रमले राम्रो प्रदर्शन गरी संतोषजनक परिणाम पायेको छ। सबैलाई धेरै-धेरै धन्यवाद छ।

छ) हाम्रो सभामा दानदाताहरूले दियेको दानको ब्याज कम पाईन्छ पहिला कम पैसाको ब्याज धेरै पाईन्थ्यो। छात्रवृत्तिलाई अघि चलाउन निम्ति दानमा वृद्धि गर्नु आवश्यक छ छात्रवृत्ति वृद्धि गरनाले सभामा दबाव परेको द तर पनि गरीब विद्यार्थीलाई लाभ पाई रहेको छ, सभाले शाखा-शाखामा वहांको वार्षिक अधिवेशनमा कक्षा 6 देखि स्नातकोत्तरको पढ़ाइको लागि एक हजार देखि 2.50 हजार सम्म दिने व्यवस्था छ। यसको तुलना गर्‍यो भने दानदाताको जमा ब्याजमा कमी हुनाले अब तीन वर्ष ब्याज झिकेर छात्रवृत्ति दिने सभाले सम्पुष्टि दियो।

अंतमा सबै उपस्थित महानुभावहरूलाई अंतरंग सभा सोहार्दपूर्ण रूपले सम्पन्न गर्नू निम्ति अध्यक्षज्यूले धन्यवाद टक्रादनु भयो र आउने समयको स्थापना दिवसको समय प्रातः अथवा सायंकालमा गर्ने बारे केन्द्रले सूचित गर्ने छ र शाखाको सदस्यहरूको उपस्थिति अधि धेरै होस भनी सभाको समाप्तिको घोषणा गर्नु भयो।

# शहीद दुर्गा मल्ल - जीवन वृत्त

असंख्य गोर्खालीहरूले आफ्नो देशको निम्ति युद्ध गरी आफ्नो जीवन बलिदान गरे। स्वतंत्रता संग्रामबाट लिएर कारगिलको टाकुरासम्म गोर्खालीहरू देशको रक्षाकोलागि अग्रणी रहेको छ। शहीद दुर्गा मल्ल ती मध्ये एक जना योद्धा थिये, जस्ले हाम्रो देशलाई स्वतंत्र गर्नको निम्ति आफ्नो प्राणको आहुति दिये। उनी भारतीय गोर्खालीको संघर्ष तथा देशभक्तिको भावनाको प्रतीक थिए।

उनको परिवार र प्रारम्भिक जीवन - उत्तराखण्डको देहरादून जिल्लाको गाउँ डोईवालामा 01 जुलाई 1013 मा जन्में दुर्गा मल्ल। माता पार्वती र पिता गंगा राम मल्लको चार छोराहरूमध्ये उनी जेठा थिए। पिता गंगाराम मल्ल सेनामा गोर्खा राइफल्सको जमादार (वर्तमानमा नायब सुबेदा) पदमा थिए भने माता पार्वती देवी गृहिणी थिइन। समयको साथ-साथै यस परिवारमा तीन छोरा र तीन छोरी भयो। भाईहरूमा जेठा दुर्गा मल्ल धेरै स्वाभिमानी, मेहनती, समर्पित भावना भएको ईमानदार थिए।

दुर्गामल्लको पुर्खाहरू 18 औं शताब्दीबाट डोईवालामा बसोबास गर्दैआई रहेका थियो। उनीहरूको मुख्य आय खेती-पाती र सैन्यबलमा सेवा गर्नू थियो। उखूको खेती गरेर गुड र चीनीको उत्पादन गरी बेच्नू उनीहरूको आयको एउटा हिस्सा थियो।

सानोबाट नै दुर्गा मल्ल आफ्नो दौतरी मध्ये भिन्दै स्वभावका थिये। खेलकूदमा विशेषगरी फुटबालमा धेरै रूचि थियो। साथै साहित्यिक र सामाजिक गतिविधिहरूमा विशेष रूचि लिन्थे। तिनी पढ़ाईमा पनि राम्रो थिये तर डोईवाला क्षेत्रमा शिक्षाको समुचित व्यवस्था नहुनाले गोर्खा मिलट्री मिडिल स्कूलमा भर्ना भए जो वर्तमानमा देहरादूनमा स्थित गोर्खा मिलिट्री इंटर कॉलेजको नाउ प्रसिद्ध छ। यो स्कूल डोईवालाबाट धेरै टाढ़ा भएकोले नालापानीमा आफ्नो काका केदारमल्लको घरमा अध्ययनको लागि आए। त्यहांबाट पनि 8-9 माईलको बाटो पैदल 2-3 साथीहरूसित स्कूल आउन थाले। स्कूलबाट सांझ घर फर्किन्दा शरीर थाके तापनि पढ़ाईलाई कहिले उपेक्षा गरेनन फलस्वरूप सदा कक्षामा प्रथम श्रेणी उत्तीर्ण भए।

दुर्गा मल्ललाई कवि तथा समाज सुधारक सुबेदार मेजर बहादुर सिंह बराल अनि नाटककार मित्रसेन थापाबाट प्रेरणा प्राप्त भयो। वहां देहरादूनको विख्यात गांधीवादी स्वतंत्रता सेनानीहरू (ठाकुर चन्दर सिंह, बीर खड्ग बहादुर सिंह बिष्ट, पंडित ईश्वरानन्द गोरखा र अमर सिंह थापा) बाट धेरै प्रभावित थिए। वर्ष 1930 मा महात्मा गांधीले 'नमक कानून' को उल्लघंन गर्नको लागि शुरूगरेको दांडीबाट दुर्गा मल्लको हृदयमा देशभक्तिको भावना जागृत भयो जस्ले गर्दा स्वतंत्रता संग्राममा भाग लिनको लागि प्रेरित भयो। महात्मा गांधीको नेतृत्वमा भारतको स्वतंत्रताको सपना देख्ने थाले।

सत्याग्रह आन्दोलनको समयमा दुर्गा मलल नौ क्लासमा पढ़थे और आफ्नो क्षेत्रमा ब्रिटिश विरोधी गतिविधिहरूमा सक्रिय रूपले भाग लिने गर्थे। उनी गोर्खा बटालियन क्षेत्रमा स्वतंत्रता संग्रामको पोस्टर टास्नुकोलागि राति आफ्नो साथीहरूसंग प्रवेश गर्थे। कती पल्ट तिनले स्वतंत्रता सेनानीहरूसंग जूलूसमा सहभागिता पनि गरे। उनको अंग्रेज विरोधी गतिविधिहरूले गर्दा प्रशासनले उनका परिवारसंग निकै सोध-खोज गर्दथे।

दुर्गा मल्ल देशके पराधीनता र दयनीय दशाप्रति पनि धेरै सुर्ता गर्थे। तिनले अंग्रेजहरूको पराधिनताको सांग्लोलाई छिनाई देशलाई स्वतंत्र गराउन स्वतंत्रता संग्राममा हाम फाले। यो त्यो समय थियो जब देहरादूनमा पुलिसले स्वतंत्रता सेनानीहरूलाई पक्राउ गर्दै थियो। फलस्वरूप ती सेनानीहरू देहरादून छोड़ेर अन्य ठाऊँ तिर जान लागे। दुर्गा मल्ल त्यस समय विद्यार्थी नै थिये पुलिसलाई छकाएर तिनी हिमाचल प्रदेशको धर्मशालामा एक जना आफन्तको घर पुगे।

वर्ष 1931 मा 18 वर्षको उमेरमा तिनी गोर्खा राइफल्सको 2/1 बटालियनमा भर्ती भयों आफ्नो बटालियनमा दुर्गा मल्ल शिक्षित रंगरूट थिये। त्यसर्थ तिनलाई 'रंगरूट तालिम' पछि सिग्नल तालिमको निम्ति पूना पठाईयो। तिनले कतिपय सैन्य तालिममा उत्कृष्टता हासिल गरे। तिनको समर्पित भावना र कुशल सेवाको कारण चाडैं पदोन्नति हुंदै गये र केही वर्ष मै सिग्नल हवलदारको महत्वपूर्ण पदमा पदोन्नत भये।

वर्ष 1941 मा सेनाको लगभग 10 वर्षको सेवा पछि दुर्गा मल्लको विवाह हिमाचल प्रदेशमा कांगड़ा जिल्लाको ठकुरी परिवारको कन्या शारदा देवीसंग भयो। तर भाग्यमा अरू केही लेखेको थियो। त्यो द्वितीय विश्व युद्धको समय थियो। बर्मा, मलाया र सिंगापुरमा जापानीहरूको आक्रमणको उग्ररूप ली सकेको थियो। गोर्खा राईफल्सको 2/1 बटालियनलाई पनि युद्ध क्षेत्र तीर प्रस्थान गर्ने आदेश भयो। बिहेको मात्र तीन दिन पछि दुर्गा मल्लालाई आफ्नो युनिटमा तुरन्त हाजिर हुने संदेश आयो। नव विवाहिता शारदा देवीसंग राम्रोसंग परिचित हुन अगाड़ी नै सेनाले लड़ाईको लागि डाकी हाल्यो।

**द्वितीय विश्व युद्धमा भाग लिन** - एउटा साँच्चो देश प्रेमी हुनुको नाताले दुर्गा मल्लले आफ्नो नव विवाहिता पत्नीलाई घरमा एकले छाड़ेर जाँदा पनि व्याकुल भएनन। तिनी अदम्य साहसको साथ युद्ध क्षेत्र तिर प्रस्थान गरे। जब उनको बटायिन सिकन्दराबाद पुग्यो अनि त्यहांबाट मलायाकोलागि प्रस्थान हुन अघी घर गयेर परिवारसित भेट्नको लागि 28 दिनको विदा पाये। उनको बटालियन सिकन्दराबादबाट मुम्बई पुग्यो

अनि 23 अगस्त 1941 मा मलायाकोलागि प्रस्थान भयो। सितम्बर 1941 सम्मा जम्मै गोर्खा बटालियन मलाया पुगी सकेको थियो। दक्षिण पूर्व एशियामा तैनात मित्रदेशको सेना माथि जापानद्वारा 8 दिसम्बर 1941 मा आक्रमण गर्नको साथै युद्धको घोषणा भयो। 11 दिसम्बर 1941 सम्म अंग्रेज फौजको दुर्दशा भई सकेको थियो। बिस्तारै-बिस्तारै जापानी फौजले युद्धमा आफ्नो स्थिति मजबूत गरे। ब्रिटिश शासनको इतिहासमा एशियाको ठाऊँहरूमा भयो। दिसम्बर 1941 मा भारतीय सेनाको एक टुकड़ी जंगलमा अलमलियो। उनीहरूको एक जना अधिकारी कप्तान मोहन सिंहले पछि सर्दै गयेको अंग्रेज फौजमा फर्की न जाने निर्णय लिये। तिनले विचार गरे कि अंग्रेजहरूको निम्ति युद्ध भयो भने भारतीय सेनालाई केही फायदा छैन बरू जापानीहरूको साथ दियेर अंग्रेजहरू माथि विजय प्राप्त गर्न पर्छ। यो उद्देशलाई मनमा राखेर उनले जापानको मेजर फुजीवारासंग भेंट गरे। मेजरले आश्वासन दिएकि जापानले स्वतंत्रता आन्दोलनमा भारतको मदत गर्ने छ। मेजर फुजीवाराले यो पनि घोषणा गरे कि ब्रिटिश सरकारका तर्फबाट उनीहरूको आफिसर कर्न हंटले जती भारतीय युद्धबंदीहरूलाई जापान सरकालाई सुम्पेको छ, तिनीहरू कैप्टन मोहन सिंहको अधीन रहने छन्।

दक्षिण-पूर्व एशियामा भारतको स्वतंत्रता आन्दोलनलाई बलीयो बनाउन र यस आन्दोलनमा जापानले कस्तो मदत् गर्न सक्छ, यो निश्चित गर्नूकोलागि 1942 को मार्च र जूनमा दुई सम्मेलन क्रमशः टोक्यो र बैंकाकमा आयोजित भयो जसमा आजाद हिन्द फौजको गठन गर्ने महत्वपूर्ण निर्णय भयो। फलस्वरूप 1 सितम्बर 111942 मा सिंगापुरमा आधिकारिक रूपले इंडियन नेशनल आर्मी (आजाद हिन्द फौज) को गठन भयो।

**आजाद हिन्द फौजमा भूमिका** - आजाद हिन्द फौजको गठन भारतको स्वतंत्रता संग्रामको इतिहासमा एउटा अति महत्वपूर्ण घटना थियो। आजाद हिन्द फौजको गठन गर्नूमा दुर्गा मल्लको पनि महत्वपूर्ण भूमिका रहेको छ। देश प्रेमले भरियेको मुटुले सन् 1942 मा आजाद हिन्द फौजमा शामेल भये और सहयोगीहरूलाई पनि यस्मा शामेल हुनु प्रेरित गरे।

थालनीमा दुर्गा मल्ललाई विभिन्न गोर्खा बटालियनबाट स्वयं सेवकहरूलाई आजाद हिन्द फौजमा भर्ना गर्ने जिम्मा सुम्पियो। पछि उनके देशभक्ति उनको कर्त्तव्य भावना र उनको शौर्यलाई देखेर मेजरको पदमा प्रोन्नत गरे।

**युद्धको मोर्चामा** - जब नेताजी सुभाष चन्द्र बोसको सर्वोच्च नेतृत्वमा अस्थायी आजाद हिन्द फौज सरकारको गठन पछि 25 अक्टूबर मा मित्र राष्ट्रहरूको सेनाको विरूद्ध युद्धको घोषणा गरे पछि आजाद हिन्द फौजको विभिन्न शाखाहरूको सैनिकलाई भिन्दा-भिन्दै मोर्चामा तैनात गरियो। दुर्गा मल्ललाई गुप्तचर शाखामा पठाइयो। अन्य साथी सैनिकहरूसहित तिनी बर्माको सीमाना पार गरी त्यस समयको बृहत असम प्रांतको पर्वतीय क्षेत्रमा प्रवेश भये। त्यहाँ रसर र गोला बारूदको कमी अनि भौगोलिक परिस्थितिको सामना गर्दै आजाद हिन्द फौजको रंगून स्थित मुख्यालयमा सामरिक महत्वको सूचनाहरू पठाउनू थाले। 27 मार्च 1944 मा जब दुर्गा मल्ल दुश्मको शिविरको बारेमा सूचना प्राप्त गर्ने मिशमा थिए, तब दुश्मन पक्षका सैनिकहरूले उनलाई मणिपुर कोहिमाको छेउमा उखरूलमा समाते।


**युद्धबंदी अनि मुकदमा** - पक्रा पछि पछि दुर्गा मल्ललाई नयाँ दिल्ली स्थित लाल किलामा युद्ध बन्दीको रूपमा राखियो। सैनिक न्यायालयले भारतीय सेनाको कानूनको धारा 41 को अन्तर्गत अनि भारतीय दंड संहिताको धारा 121 को अन्तर्गत मुकदमा चलायो। लाल किल्लामा जून न्यायालयको समक्ष तिनी माथि मुकदमा चल्यो त्यसले कोर्ट मार्शलद्वारा तिनीलाई मृत्यु दंडको सजा सुनायो। यो त्यो समय थियो जब साम्राज्यवादी ब्रिटिश शासकले भारतीय स्वतंत्रता संघर्षलाई जसो-तसो भये पनि दबाउने कोशिश गरी रहेको थियो। मृत्युदंडको कार्यवाई पूरा गर्न अघि ब्रिटिश अधिकारीहरूले मेजर दुर्गा मल्ललाई भूल स्वीकार गर्नको निमित बाध्य गर्ने प्रयास गरे। उनले यसो गने भने माफी दिने वचन दिए। तर यसो गर्नु वीर दुर्गा मललको इच्छाको विरूद्ध थियो, जसको एउटे उद्देश्य आफ्नो देशलाई स्वतंत्र गर्नु थियो। तिनले ब्रिटिश शासकको प्रस्ताव स्वीकार गर्नु भन्दा फाँसीको पासोलाई अगाल्न बेस समझे। दुर्गा मल्ललाई मनाउने सबै प्रयास विफल भयो पछि अंतिम उपायको रूपमा उनकी पत्नी शारदा देवीलाई झयालखानामा ल्याइयो। ब्रिटिश सरकारको विश्वास थियो कि उनले आफ्नो पतिलाई माफी मांगनको निम्ति तैयार गर्ने छिन तर मेजर मल्लको सामू ब्रिटिश अधिकारीहरूको केहि शिप चलेन। उल्टो आफ्नो पत्नीलाई सम्झाऐ, 'शारदा मैले आफ्नो जीवन आफ्नो मातृभूमिको स्वतंत्रताकोलागि त्याग्दै छू। तिमी न दुःखी न हुनु। म शहीद ाेये पछि करोड़ों हिन्दुस्तानी तिम्रो साथमा हुने छ। मेरो बलिदान व्यर्थ जाने छैन। भारत अवश्य स्वतंत्र हुने छ। मलाई विश्वास छ कि त्यो समय आउन धेरै टाड़ा छैन।

**प्राणको आहुति** - 15 अगस्त 1944 मा महान देशभक्त वीर दुर्गा मल्ललाई लाल किलाबाट दिल्लीको सेन्ट्रल जैलमा ल्याइयो। दस दिन पछि 25 अगस्त 1944 मा फाँसीको तख्तामा चढ़ाईयो। यसरी भारतमाताको एउटा छोरा शहीद भयो। उनले आफ्नो अमूल्य जीवन न्यौछावर गरे। दुर्गा मल्ल आज हाम्रो माझमा छैनन्। उनले मात्र 31 वर्षको उमेरमा आफ्नो जीवन बलिदान दिएर एउटा सार्थक जीवन बाँचे औ सदा-सदाको निम्ति अमर भए।

सौजन्य

लोक सभा सचिवालय, नयाँ दिल्ली

# सभाको वरिपरिबाट



श्री पहल सिंह क्षेत्री, भाषाविद्,
साहित्यकारको
स्वर्गवासमा आयोजित शोकसभा
18 फरवरी 2020



होजाई आसाममा 5 वर्षीय गोर्खा
चेलीको बलात्कार र हत्या जस्तो
जघण्य अपराधको विरोधमा
प्रतिरोध सभा, गो. सु. सभा
29 फरवरी 2020



प्रतिरोध सभामा
उपस्थित महानुभावहरू